मदाने गाउँपालिका

गुल्मी जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

# मदाने राजपत्र

| वर्ष : ७ | अंक : १ |
|---|---|

## भाग : २

गाउकार्यपालिकाबाट मिति २०८०।०७०२ मा

*"स्वैच्छिक शिक्षक अवकास प्रोत्साहन कोष कार्यान्वयन कार्यविधि, २०८०"*

सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

| | |
|---|---|
| **कार्यपालिकाबाट स्वीकृत मिति** | २०८०/०७/०२ |
| **राजपत्रमा प्रकाशित मिति** | २०८०/०७/०२ |

आज्ञाले

शालिकराम पन्थी

प्रमुख प्रशासकीय अधिकृत

# स्वैच्छिक शिक्षक अवकास प्रोत्साहन कोष कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावना:**

मदाने गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा लामो समयदेखि आवद्ध रहनु भएका शिक्षकहरु प्रति उच्च सम्मान गर्दै उहाँहरुले शिक्षण पेशा मार्फत समाजमा पुर्याउनु भएको अनुकरणीय, अतुलनीय योगदानको उच्च कदर गर्दै शिक्षण-पेशा प्रति, प्रतिवद्ध भई प्रदान गर्नु भएको निस्वार्थ सेवा भावलाई जीवनपर्यन्त स्मरणीय बनाउने उद्देश्यले **शिक्षक स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन** कार्यक्रम मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै शिक्षा सेवामा नव प्रतिभालाई प्रोत्साहन गर्न आवश्यक भएकोले मदाने गाउँपालिकाको आ.व २०८०।८१ को बजेट वक्तव्यको सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम अन्तर्गत शिक्षाको बुँदा नं.२१ बमोजिम मदाने गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यस कार्यविधिको नाम "स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

क. "कार्यपालिका" भन्नाले मदाने गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

ख. "कार्यविधि" भन्नाले स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० सम्झनुपर्छ।

ग. "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राप्त दरबन्दी सम्झनुपर्छ।

घ. "गाउँपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको मदाने गाउँपालिकालाई सम्झनुपर्छ।

ङ. "गाउँपालिका अध्यक्ष" भन्नाले मदाने गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

छ. " गाउँपालिका उपाध्यक्ष" भन्नाले मदाने गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मदाने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ;
।

ज. "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी बहन गर्ने शिक्षकलाई सम्झनुपर्छ।

झ. शिक्षक" भन्नाले नेपाल सरकारको स्वीकृत दरबन्दी, राहत अनुदान, करार वा गाउँपालिकाको अनुदान कोटाको शिक्षक सम्झनुपर्छ।

ञ. “विद्यालय” भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा. स्वीकृति लिई मदाने गाउँपालिका भित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

ट. "समिति” भन्नाले शिक्षक स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम सहजीकरण समिति सम्झनुपर्छ ।

ठ. . " शिक्षा शाखा” भन्नाले  मदाने गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ड. “आर्थिक प्रशासन शाखा” भन्नाले मदाने गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्छ ।

ढ. " प्रशासन शाखा” भन्नाले  मदाने गाउँपालिकाको कर्मचारी प्रशासन शाखालाई सम्झनुपर्छ

## परिच्छेद- २
## कार्यक्रमका उद्देश्यहरु

३.  स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष कार्यक्रमका उद्देश्यहरू:

यस कार्यक्रमका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्

क) २० वर्ष भन्दा लामो समयदेखि निरन्तर शिक्षण पेशामा आवद्ध भई शिक्षकहरुले शैक्षिक उन्नयनमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै सम्मान गर्ने ।

ख) शिक्षण पेशाप्रति' प्रतिवद्ध भई सेवा पुर्याउनु भएका शिक्षकहरुलाई सामाजिक तथा मौद्रिक उत्प्रेरणा प्रदान गर्दै समाजमा सम्मानित नागरिकको रुपमा स्थापित गराउने ।

ग) नवप्रतिभावान्  व्यक्तिलाई शिक्षण पेशामा आकर्षित गरी गुणस्तरीय शैक्षिक विकासका लागि टेवा पुयाउने ।

## परिच्छेद- ३
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. मदाने गाउँपालिकाका शिक्षकहरुको स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन  कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ -

क. स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्न आवश्यक सूचना प्रवाह गर्ने ।

ख. यस कार्यक्रममा सहभागी हुन चाहने तोकिएको योग्यता पुगेका शिक्षकहरूले अनुसूचि १ को ढाँचामा तपसीलका कागजात सहित निवेदन माग गर्ने ।

१. नागरिकताको प्रतिलिपि,

२. स्थायी नियुक्तिपत्रको प्रतिलिपि,

३. बढुवा नियुक्तिपत्रको प्रतिलिपि,

४. अनिवार्य अवकासको मिति खुल्ने कागजातहरु,

५, सम्पूर्ण शैक्षिक योग्यताको कागजातका प्रतिलिपिहरु ।

ग. सूचना प्रकाशन भएको अन्तिम मितिले १५ दिन भित्र प्राप्त आवेदन उपर छानबिन गरी सहजीकरण समितिले तोकिएको योग्यता पुगेका शिक्षकहरूको विवरण प्रकाशित गर्ने ।

## परिच्छेद- ४
## कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन

**५. स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रय कार्यान्वयन सहजीकरण समिति:-**

मदाने गाउँपालिकाका शिक्षकहरूको स्वैच्छिक शिक्षक अवकाशका लागि स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वयन सहजीकरण गर्न देहाय बमोजिमको एक स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष सहजीकरण समिति तपशिल बमोजिम गठन गरिनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. कार्यपालिकाले मनोनित गरेको ३ जना कार्यपालिका सदस्य- सदस्य

ग. सामाजिक विकास समितिको संयोजक-सदस्य

घ. प्रशासन शाखाको कर्मचारी १ जना – सदस्य

ङ.आर्थिक प्रशासन शाखाको प्रमुख १ जना -सदस्य

च.शिक्षक महासंघको प्रतिनिधि १ जना-सदस्य

छ. शिक्षा शाखा प्रमुख- सदस्य सचिव

उक्त समितिको बैठकमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कर्मचारीहरु र विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद- ५
## सहजीकरण समितिको काम कर्तव्य र अधिकार तथा सेवा सुविधा

६. “स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा तपसिल बमोजिमको रहनेछ ।

क. स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्ने ।

ख. यस कार्यक्रम कार्यान्वयनका निम्ति १५ दिनको समयावधि तोकि सूचना प्रकाशित गर्ने ।

ग. कार्यक्रममा सहभागी हुन रित पूर्वक दर्ता भएका निवेदनहरू छानविन गरी आवश्यक कारवाही किनारा गर्ने ।

घ. यस कार्यविधि बमोजिम सेवा सुविधा पाउन योग्य शिक्षकहरूको सेवा सुविधा किटान सहितको प्रतिवेदन कार्यपालिका समक्ष पेस गर्ने ।

ङ. कार्यपालिकामा स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रम कार्यान्वयनका निम्ति तोकिए बमोजिमका अन्य कार्यहरू सम्पादन गर्ने ।

च. सहजीकरण समिति तथा आमन्त्रित व्यक्तिहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन् ।

छ. समितिको बैठक आवश्यकता अनुरुप बस्नेछ ।

ज. समितिले कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक परेमा उपसमिति निर्माण गर्न सक्नेछ ।

## परिच्छेद- ६

## गुनासो सुनुवाई सम्बन्धि व्यवस्था

७. स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन  कार्यक्रम कार्यान्वयन गर्दा कुनै गुनासो/उजुरी तोकिएको अवधिभित्र निवेदन दिन सकिने छ । तोकिएको अवधिभित्र पर्न आएका-गुनासो/उजुरी आवश्यक छानविन गरी प्रचलित नियमानुसार काम कारवाही किनारा गरिने छ ।

## परिच्छेद- ७

## सेवा सुविधा सम्बन्धी व्यवस्था

८. शिक्षक स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा "समावेश-हुने शिक्षकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाः

क. स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष: कार्यक्रममा सहभागी आवेदकहरुबाट अन्तिम सूचिमा रहेका आवेदकहरुले यस कार्यक्रम मार्फत प्रोत्साहन स्वरुप अनुसूची २. बमोजिमको सेवा सुविधा प्राप्त गर्ने छन् । यो स्थायी शिक्षकहरुको हकमा मात्र लागु हुने छ ।

ख. अनुसूची २ शैक्षिक सत्र २०८० को कार्यक्रममा मात्र लागू हुनेछ । अन्य आर्थिक वर्षको हकमा कार्यपालिकाको निर्णयानुसार प्रोत्साहन रकम प्रदान गरिनेछ ।

ग. यस कार्यक्रममा छनोट भएका सरोकारवालाहरू सँगको सहभागीतामा सम्मान तथा अभिनन्दन कार्यक्रम आयोजना गरिनेछ ।

## परिच्छेद- ८

## विविध

९ क. स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचालित कानून बमोजिम हुने छ । साथै यस कार्यविधि अन्य प्रचालित कानूनसँग बाझीन गएमा बाझिएको हदसम्म बदर हुनेछ ।

ख. यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा गाउँपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

ग.यो कार्यविधि मदाने गाउँपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची- १
## निवेदन ढाँचा

मिति:

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मदाने गाउँपालिकाको कार्यालय,
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश नेपाल।

**विषय: स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा सहभागी सम्बन्धमा।**

उपरोक्त विषयमा मदाने गाउँपालिका द्वारा मिति .............. मा प्रकाशित सूचना अनुसार स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रममा सहभागी हुन योग्य भएकोले स्वेच्छिक रूपमा यो निवेदन पेश गर्दछु।

निवेदकको नाम थर:

तह:

श्रेणी:

शिक्षक संकेत नं.

स्थायी ठेगाना:

जन्म मिति:

अनिवार्य अवकास हुने मिति: (नागरिकता वा शैक्षिक योग्यता मध्ये जुन मिति

अघि आउँछ सोको पूरा मिति उल्लेख गर्ने):-

कार्यरत विद्यालयको नाम/ ठेगाना:

दस्तखतः

फोन न:

माथि उल्लेखित विवरण ठीक साँचो हो-झुटा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

अनुसूची २

स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कोष कार्यक्रममा छनोट भएका शिक्षकहरुलाई प्रदान गरिने सुविधा र शर्तहरु देहायबमोजिम हुनेछ।

सर्तहरुः-

- निवृत्तीभरणको समयावधि पुरा भएका तर अनिवार्य अवकाशको लागि कम्तिमा सूचना प्रकाशन भएको मितिले २ वर्ष बाँकी रहेका शिक्षकहरु हुनुपर्नेछ।
- तोकिएको समयावधि भित्र आवश्यक कागजात (नियुक्ति पत्र, शैक्षिक प्रमाण पत्र, नागरिकताको प्रमाणित प्रतिलिपि, बढुवा पत्र) सहित निवेदन दिने शिक्षकहरुलाई मात्र यो प्रक्रियामा समावेश गरिनेछ ।
- अवकाश हुन इच्छुक हुने शिक्षकहरुले अवकाश भएको सुनिश्चितताको पत्र सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र नै पेश गर्नुपर्ने छ।
- समयावधि गणना गर्दा दिन, महिनाको हिसाव नगरी एकमुष्ट पुरा भएको वर्षलाई आधार बनाई गणना गरिनेछ।
- सूचना प्रकाशन भएको मितिले २ वर्ष पछि अनिवार्य अवकाश हुने स्थायी शिक्षकहरुको हकमा मात्र यो कार्यविधि लागु हुनेछ।

सुविधाहरुः-

- शिक्षकहरुलाई कुनै कार्यक्रमको आयोजनाको अवसरमा सम्मान गरिनेछ।
- शिक्षकहरुलाई अनिवार्य अवकाश हुनका लागि बाँकी रहने सेवा वर्षको तपसिलमा हुन आउने रकम एकमुष्ट हिसाब गरी दिइनेछ।

तपसिल

| **क्र.स.** | **वर्ष** | **प्राप्त गर्ने रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | २-३ | ५० हजार | |
| २ | ३-४ | ७५ हजार | |
| ३ | ४-५ | ९० हजार | |
| ४ | ५ वर्ष माथि | १ लाख | |

*पुनश्च :- निवेदकले रकम भुक्तानीका लागि माथि उल्लेखित सर्त र अवकास खुल्ने कागजातका प्रमाणित प्रतिलिपिहरु साथै भुक्तानी पाउँ भन्ने निवेदन पेश गर्नुपर्ने छ।*